# उर्लावारी नगरपालिका कार्यालय,
# उर्लावारी-१, मोरङ्ग

# वार्षिक प्रगति समीक्षा कार्यक्रम सम्पन्न प्रतिवेदन
## आ.व. २०७२।०७३


१. निरन्जन कुमार राउत ईन्जिनीयर (LGCDP)
२. सुमन कार्की कार्यक्रम संयोजक (LGCDP)

## १. पृष्टभूमी :

प्रत्योक नगरपालिकाले एक आर्थिक वर्षमा सम्पन्न गरेका योजना तथा कार्यक्रमहरुको प्रगति समिक्षा गर्नपर्ने नितिगत व्यावस्था रहेको छ । यसर्थ उर्लावारी नगरपालिका ले समेत स्थापना पश्चात दोश्रो आ.व. २०७२।०७३ को वार्षिक प्रगति समिक्षा तथा चालु आ.व. २०७३।०७४ को लागि सुझाव संकलन गर्ने कार्य स्थानिय स्वायत ऐन २०५५ र नियमावलि २०५६ तथा स्थानिय निकाय स्रोत परिचालन कार्यविधि २०७२ बमोजिम सम्पन्न गरेको छ ।

उर्लावारी नगरपालिका उद्योग वाणिज्य संघको हलमा आयोजना गरीएको यस समिक्षा कार्यक्रमको अध्यक्षता नगरपालिका कार्यकारी अधिकृत श्री सुवास श्रेष्ठले गनुभएको थियो भने प्रमुख अतिथीको रुपमा ईलाका प्रशासन कार्यालय मंगलवारे प्रमुख श्री मुरारी वस्थिको उपस्थिति रहेको थियो । साथै, कार्यक्रममा स्थानिय राजनैतिक दलका प्रमुख, विषयगत कार्यालयका प्रमुख तथा प्रतिनिधिहरु, विभिन्नसंचार माध्यमका प्रतिनिधिहरु, गैसस, निजी क्षेत्र, वडा नागरीक मण्च, नागरीक सचेतना केन्द्र, उपभोक्त: समिति, नागरिक समाजका प्रतिनिधि नगरपालिका कार्यालयका कर्मचारीहरु समेत गरी ६४ जनाको उपस्थिति रहेको थियो ।

## २. समीक्षाको उद्देश्य :

उर्लावारी नगरपालिकाले सम्पन्न गरेका योजना तथा कार्यक्रममको प्रगति समिक्षा कार्यक्रमको उद्देश्य यस प्रकार रहेको थियो ।

- ✓ योजना तथा कार्यक्रमको खर्च सार्वजनिक गर्ने,
- ✓ आगामी वर्ष संचालन हुने कार्यक्रमको लागि सुझाव संकलन गर्ने,
- ✓ सुशासन तथा पारदर्शिता प्रवर्द्धन गर्ने,
- ✓ जनता प्रति जवाफदेहि हुने,
- ✓ MCPMको लागि साहायक सिद्धी गर्ने ।

**३. कार्यक्रम सम्पन्न मिति** :२०७३।४।३१,

**४. कार्यक्रम सम्पन्न स्थान** :उद्योग वाणिज्य संघ को सभा हल, उर्लावारी ।

**५. कार्यक्रम सम्पन्न समय** : दिनको १ बजे देखि ५ वजे सम्म ।

६. समिक्षा क्रियाकलाप :

क) कार्यक्रम त्रियाकलाप :

| क्र.स | कार्यक्रम | बिवरण |
|---|---|---|
| १. | अध्यक्षता | कार्यकारी अधिकृत श्री सुवाष श्रेष्ठ । |
| २. | आसन ग्रहण | प्रमुख अतिथि इलाका प्रशासन प्रमुख श्री मुरारी वस्ति । |
| ३. | प्रगति प्रस्तुत | अनुशुचि १ मा समावेश गरीएको छ । |
| ४. | छलफल तथा जवाफ | कार्यकारी अधिकृत श्री सुवाष श्रेष्ठ वाट उठेका सवाल माथि जवाफ तथा कार्यक्रम अधिकृतवाट सुझाव टिपोट गर्ने कार्य गरीएको थियो । |
| ५. | मन्तव्य | प्रमुख अतिथि तथा राजनैतिक दलका प्रमुख । |
| ६. | समापन | अध्यक्ष तथा कार्यकारी अधिकृत श्री सुवाष श्रेष्ठ । |

ख) कार्यक्रम उठान भएका विषय तथा सुझावहरु :

| क्र.स. | सुझावकर्ता | सुझाव |
|---|---|---|
| १. | रुद्र तामाङ्ग (सामाजिक संस्था तर्फवाट) | ✓ लक्षित वर्गको वजेट समेत वडागत रुपमा विनियोजन गर्नुपर्दछ, जसले गर्दा वजेटमा सवैको पहुच पुग्दछ ।<br>✓ दिर्घकालिन योजना वनाई काम गर्नुपर्दछ ।<br>✓ ढल निकासको योजना ल्याई कार्यन्वयन सके सम्म चाड गर्नुपर्दछ ।<br>✓ लागत साझेदारीको योजना तथा कार्यक्रमलाई प्राथामीकता दिनपर्दछ ।<br>✓ प्रगति प्रतिवेदन सवै उपस्थित सहभागिलाई वितरण गर्न सके अझ राम्रो हुने ।<br>✓ MCPM मा २० प्रतिशत रकम प्राप्त हुने गरी कार्य सम्पादन गर्न जोड दिन पर्ने । |

| | | |
|---|---|---|
| २. | राधाकृष्ण पोखरेल (वडा नागरीक मन्च संयोजक ३ ) | ✓ वडा स्तरिय योजनाहरुमा ब्यात्तिहरुवाट साझेदारी रकम उठाउन समस्या भएको छ ।<br>✓ विकासको कार्य भएको छ तर कत्तिपनि चित्त वुझदो छैन ।यसर्थ, यस तर्फ सम्वन्धित निकायको ध्यान जावस । |
| ३. | चन्द्र बहादुर भट्टराई (अध्यक्ष उद्योग वाणिज्य संघ) | ✓ सेवा सुविधा तर्फ राम्रो काम भएको छ ।<br>✓ जनताको आशा धेरै भएको तर एकै साथ पुरा गर्न नसकीने भएको हुदा विस्तारै पुरै हुने अपेक्षा रहेको छ ।<br>✓ फोहार मैला संकलनको दररेट घेरै छलफलवाट सृवीकृत भएको छ तर केही क्षेत्रमा पुनरावलोकन गर्नुपर्ने छ । गुनासो आएको छ फरी छलफल गरीनुपर्दछ ।<br>✓ घण्टाघरको काम अगाडी बढ्न सकेको छैन वरगाछी चौकमा घण्टाघर वनाउने योजना अगाडी वढाईनुपर्दछ ।<br>✓ सडक निर्माण कार्य कमै भएको छ । त्यसलाई थप विस्तार गर्नुपर्ने जरुरी छ । सडक निर्माणलाई थप तिव्रता दिन पर्यो ।<br>✓ सडक पेटी तथा पार्कीङ्ग ब्यावस्थापन गरीनुपर्दछ ।<br>✓ सुरक्षा गार्ड थप गर्नुपर्दछ, ट्राफीक ब्यावस्थापनमा थप सुधारको पहल गर्नुपर्दछ । |
| ४. | मनोरथ भण्डारी (नगर अध्यक्ष नेकपा एमाले) | ✓ वडाको सिलिङ्ग १० लाख सम्म पुऱ्याउन पर्दछ । ५ लाख वडा को सिलिङ्गले सवै वडा लाई समेट्न सकेको छैन ।<br>✓ कम कर्मचारी वाट सेवा प्रवाहा गर्नुपर्ने भएको हुदा कार्य सम्पादन प्रभावकारी हुन सकेको छैन ।<br>✓ सेवा प्रवाहा गर्ने अन्य निकायको परिचालन प्रभावकारी हुन सकेको छैन यसमा हामी सवैले ध्यान दिनपर्दछ ।<br>✓ सिमसार ब्यावस्थापन प्रभावकारी हुन सकेन यसलाई विशेष ध्यान दिन जरुरी छ । |

| | | |
|---|---|---|
| | | ✓ लक्षित वर्गको कार्यक्रममा केही गुनासो आएका छन् । आगामी दिनमा यसलाई सुधार गर्दै जानुपर्दछ ।<br>✓ सभागृहको आवस्यकता रहेको हुदा नगरपालिका तर्फवाट पहल गरीनुपर्द छ ।<br>✓ धिमाल विकास केन्द्र मा होम स्टे को सम्भाव्यताको रुपमा हेरीनुपर्दछ ।<br>✓ खोला चारैतिर भएको यसको संसक्षण तथा सम्वर्दनमा विषेष ध्यान दिनुपर्द छ ।<br>✓ विधुत विस्तार प्रभावकारी हुन नसकेको हुदा अझै प्रभावकारी वनाउनपर्द छ । |
| ५. | विरवल थापा (नगर सभापती नेपाली कांग्रेस) | ✓ बजार ब्यावस्थपन प्रभावकारी रुपमा गर्नुपर्द छ ।<br>✓ ड्रेन निर्माण र ढल ब्यावस्थापन चुनौतिको रुपमा आएको छ त्यसलाई सम्वोधन गर्नुपर्द छ ।<br>✓ गुणस्तरीयताको सवालमा प्राविधीकहरु सचेत हुनुपर्द छ ।पारदर्षिताको विषयमा विषेश ध्यान दिन जरुरी देखिएको छ ।<br>✓ खेलकुद समिति एकल ढङ्गवाट गठन भएको छ । यस विषयमा नगरपालिकाले विषेश ध्यान दिनुपर्द छ । नगरपालिकावाट खेलकुद समितिलाई वजेट विनियोजन नहोस भन्ने चाहान्छु । |
| ६. | मित्र ढकाल (वडा नागरीक मन्च संयोजक ६) | ✓ उपभोक्तालाई न.पा.ले ५० हजार वजेट दिएको छ, उपभोक्ताले १० लाखको योजना संचालन गरेका छन् । यसको मुल्याङ्कन हुन सकेन ।<br>✓ कालो पत्रेको मोटाई २० MM वाट वढाएर ४० MM वनाईनुपर्दछ ।<br>✓ सिमसार जाने वाटो वढाउन पर्दछ ।<br>✓ फोहार नउठेको स्थानवाट समेत रकम संकलन गरेको भन्ने गुनासो आएको छ यसलाई ध्यान दिनुपर्यो । |
| ७. | भिष्मा रेग्मी (अन्तर पार्टी महिला सन्जाल) | ✓ लक्षित समुदायको वजेट वाट संचालन गरीने कार्यक्रम स्थानिय संघ संस्थावाट |

| | | |
|---|---|---|
| | | संचालन गरीनुपर्दछ ।<br>✓ लक्षित वर्गको कार्यक्रममा एकै ब्याक्तिले दोहोरो सुविधा पाउन हुदैन तसर्थ, यसको रेकर्ड राखीनुपर्द छ । |
| ८. | होम प्र. ओली (वडा नागरीक मन्च संयोजक ५) | ✓ बिजुलिको तार पोल ठिक समयमा आए नआएको नगरपालिकाले अनुगमन गर्नुपर्यो<br>✓ फोहार संकलनको रकम रु १०० भन्दा कम लिन मानेको छैन यसलाई ध्यान दिन पर्यो । |
| ९. | रुद्र धिमाल (वडा नागरीक मन्च संयोजक ८) | ✓ लक्षित वर्गको कार्यक्रम वारेमा जानकारी नभएको हुदा आगामी दिनमा सुचना प्रवाह प्रभावकारी बनाउन पर्यो ।<br>✓ तेलि खोला तटवन्धन गर्नुपर्यो ।<br>✓ लक्षित समुदायको कार्यक्रम वडागत रुपमा संचालन गर्नुपर्यो । |
| १०. | मणी प्रधान (आदिवासी जनजाति माहासंघ उपाध्यक्ष) | ✓ लक्षित समुदाको वजेट लक्षित समुदायलाई नै संचालन गर्न दिन पर्यो ।<br>✓ उपभोक्ता समिति लाई उत्साहको लागी धन्यावाद समेत नगरपालिका वाट दिन नसकेको हुदा यस विषयका नगरपालिकाको ध्यान पुगोस ।<br>✓ फोहोर संकलन कार्य आवास क्षेत्रमा समेत हुनपर्यो । |
| ११. | केशव कार्की ( अध्यक्ष नगर विकास समिति ) | ✓ ढल निकासलाई सवै क्षेत्रले सहयोग गर्नु जरुरी छ ।<br>✓ घण्टाघर निर्माणको लागी यथासक्य समिति गठन गरीयोस ।<br>✓ सिमसार जाने मार्ग सहितको वोर्ड र गेट बनाईयोस ।<br>✓ लक्षित वर्गको वजेट अलि ब्यावस्थित गरी परीचालन गरीयोस । |
| १२. | मुरारी वस्ती | ✓ उपभोक्ता समितिको काममा समेत Maintenance Periodराखिनुपर्दछ ।<br>✓ सिमसारको कार्य गर्दा PPP Model मा जाने । |

७. कार्यक्रमका सवल तथा दुर्लभ पक्ष :

| क्र.स. | सवल पक्ष | क्र.स. | दुर्लभ पक्ष |
|---|---|---|---|
| १. | राजनैतिक दल, उपभोक्ता समिति, नागरीक सचेतना केन्द्र, वडा नगरीक मन्च, तालिम सेवा प्रदायक संस्था, पत्रकार लगायतको वाक्लो उपस्थिति | १. | विषयगत कार्यलयको कम उपस्थिति |
| २. | प्रगति प्रस्तुतिकरणमा सम्पुर्ण पक्ष स्पस्ट साथ उल्लेख गरीएको । | २. | प्रस्तुति हार्डकपी सवै सहभागिलाई उपलव्ध नगराईएको । |
| ३. | निर्धारीत समयमा नै कार्यक्रम सुरु भएको । | ३. | छलफलको लागि प्रयाप्त समय दिईनुपर्ने । |

८. निष्कर्ष :

उर्लावारी नगरपालिका ले समेत स्थापना पश्चात दोश्रो आ.व. २०७२।०७३ को वार्षिक प्रगति समिक्षा तथा चालु आ.व. २०७३।०७४ को लागि सुझाव संकलन गर्ने कार्य स्थानिय स्वायत ऐन २०५५ र नियमावलि २०५६ तथा स्थानिय निकाय स्रोत परिचालन कार्यविधि २०७२ बमोजिम सम्पन्न गरेको छ । योजना तथा कार्यक्रम प्रभावकारी रुपमा संचालन गर्नको लागी यस किसीमको समिक्षा एकदमै महत्वपुर्ण रहेको छ । योजना तथा कार्यक्रमको समिक्षा उपभोक्ता तथा आम जनता प्रति राज्यको सार्वजैनिक जवाफदेहिता समेत हो । समिक्षाले योजना तथा कार्यक्रमको गुणस्तरीयता, दिगोपन, विष्वसनियता,जनताको सहभागिता, लाभंसको न्यायिक वितरणलाई सुनिश्चित गर्दछ । यस किसीमको समिक्षाले राज्यको साख वृद्धि गरी सुशासन वृद्धीमा सहयोग पुऱ्याउदछ । कार्यक्रम संचालनको क्रममा उठेका सवाल तथा सुझावहरुलाई आत्मासाथ गरी आगामी वर्ष संचालन गरीने योजना तथा कार्यक्रम संचालन गर्न सके सुनमा सुगन्ध थपिने कुरामा दुई मत रहेको छैन ।

## ८. तष्विरहरु :




बार्षिक समिक्षा कार्यक्रमको व्यानर



प्रगति प्रतिवेदन प्रश्तुत गर्दै कार्यकारी अधिकृत श्री सुवास श्रेष्ठ



कार्यक्रममा आगामी वर्षको लागि सुम्फाव राख्दै ईलाका प्रसाशन प्रमुख एवम् प्रमुख अतिथी श्री मुरारी वस्थि

अनुसुचि :